गरुडा नगरपालिका

# स्थानीय राजपत्र

गरुडा नगरपालिकाद्वारा प्रकाशित

खण्डः २, संख्या : ६, मिति : २०८०/०२/०५

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गरुडा नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको निर्देशिका सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

# गरुडा नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०२।०५**

**प्रस्तावना :** गरुडा नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको पहूँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहूँच सुनिश्चित गर्नका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले,

गरुडा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९” दफा ४ को उपदफा (१) बमोजिम गरुडा नगरपालिकाले यो निर्देशिका स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यो निर्देशिकाको नाम “गरुडा नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०८०” रहेको छ ।

(ख) यो निर्देशिका गरुडा नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले गरुडा नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले नगर सभाबाट स्वीकृत आर्थिक ऐनले तोके बमोजिम एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा सञ्चालन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

३. **एम्बुलेन्स सेवा सञ्चालन तथा अनुगमन समिति :** (१) एम्बुलेन्स सेवाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा सञ्चालन तथा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख वा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य | - संयोजक |
| (ख) | नगरपालिकाको नगर स्वास्थ्य शाखा प्रमुख/संयोजक | - सदस्य |
| (ग) | सम्बन्धित वडा समितिको सदस्य (महिला १/दलित १) | - सदस्य |
| (घ) | प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, गरुडा | - सदस्य |
| (ङ) | सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) नगरपालिकाको आर्थिक ऐन बमोजिम निर्धारण भएकोमा सोही अनुसार एम्बुलेन्सको भाडाबाट प्राप्त रकम खातामा जम्मा गराउने र आर्थिक ऐनले नतोकेकोमा निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु वीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुचीमा उल्लेख भए बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५. **सेवा शुल्क सम्बन्धी व्यवस्था** : (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले **अनुसुची- १** मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखीने छ ।

(४) सेवा दिएवापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी **अनुसूचि -२** सवारी लगवुक राख्नु पर्ने छ । लग बुक भर्ने जिम्मेवारी एम्वुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको हुनेछ ।

६. **चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले नेपाल सरकारको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धि निर्देशिका, २०७३ को बुँदा नं. ११ बमोजिम योग्यता पुगेको एक जना चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट वेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता **अनुसुची-३** बमोजिम हुनेछ ।

(५) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार :

(क) एम्बुलेन्स, गरुडा नगरपालिका अन्तर्गतको नगरपालिकाको कार्यालयले तोकिएको वा तोकेको वडा स्थीत रहेको नगर अस्पताल/प्रथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/उप स्वास्थ्य चौकीको हातामा रहनेछ ।

(ख) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

७. **विविध** : (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण **अनुसुची- ४** बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची-१
(निर्देशिकाको दफा ५(१) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.सं. | देखि | सम्म | दररेट (रु.) |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभरि | गरुडा नगरपालिका स्थीत नगर अस्पताल वा अन्य सरकारी अस्पताल वा विशेष सेवाको लागि जुनसुकै अस्पताल सम्म | आर्थिक ऐनमा व्यवस्था भए अनुसार |
| २ | गरुडा नगरपालिका क्षेत्र देखि | गौर अस्पताल, चन्द्रपुर लगायत रौतहट जिल्ला भरि को लागि | आर्थिक ऐनमा व्यवस्था भए अनुसार |
| ३ | गरुडा नगरपालिका क्षेत्र देखि | बीरगञ्ज | आर्थिक ऐनमा व्यवस्था भए अनुसार |
| ४ | गरुडा नगरपालिका क्षेत्र देखि | भरतपुर | आर्थिक ऐनमा व्यवस्था भए अनुसार |
| ५ | गरुडा नगरपालिका क्षेत्र देखि | काठ्माण्डौ लगायतका स्थानमा रहेका अस्पतालमा | आर्थिक ऐनमा व्यवस्था भए अनुसार |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा बुझाउनु पर्नेछ ।
- नगरपालिका क्षेत्रभित्रका वेवारिसे, अति अशक्त, अति विपन्नको उपचारकोलागि अस्पताल पुर्याउन एम्बुलेन्सले समितिको निर्णयबाट ५० % छुटमा सेवा गर्न सक्नेछ ।

नगर कार्यपालिकाको कार्यालय

अनुसूचि २
( दफा ५ को उपदफा (६) सँग सम्बन्धित )
गरुडा नगरपालिका
.......... स्वास्थ्य ........., ....... गरुडा

# एम्बुलेन्स लगसीट

प्रदेश :

लगशिट वा सम्फौता नं. : सवारी दर्ता नं. : सवारी साधनको नम्बर :

शुरु स्थान : समय :

गन्तव्य (पुग्ने स्थान) : समय :

**सेवाग्राहीको विवरण :**

(१) नामः

(२) न.पा. क्षेत्रभित्रको

(३) न.पा. क्षेत्र बाहिरको

**ड्राइभरको नाम :** **ड्राइभर लाइसेन्स नं. :**

| क.सं. | मिति | ठाउँ | | एम्बुलेन्सले पार गरेको दुरी | | | सेवा शुल्क | एम्बुलेन्स चलेको बेलामा लागेको इन्धन | | बीरामीको नाम | कुरुवाको नाम | ठेगाना | बीरामीको प्रकृति | सेवाग्राहीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | प्रस्थान गरेको स्थान | पुगेको स्थान | जम्मा दुरी ( क.मि.) | | विवरण | परिमाण | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**सर्भिसिङ गर्दा खर्च हुने लगायतका एम्बुलेन्समा लागेको तेलिय पदार्थको विवरण तथा खर्च रकम :**

| तेलीय पदार्थका किसिमहरु : | इन्जिन आयल | गियर आयल | ट्रान्समिसन आयल | हाइड्रोलिक आयल | ब्रेक फ्ल्यूड | ग्रीज | अन्य |
|---|---|---|---|---|---|---|---|
| **परिमाण :** | | | | | | | |
| **प्रति लिटर वा के.जी.दर रु.** | | | | | | | |
| **प्रति शिर्षक परिमाणको जम्मा रु.** | | | | | | | |
| **जम्मा खर्च भएको रकम रु.** | | | | | | | |

एम्बुलेन्स चालकको दस्तखत : ........

अनुसूची- ३
(निर्देशिकाको दफा ६ को उपदफा (४) सँग सम्बन्धीत)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. गरुडा नगरपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धी निर्देशिका, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवार लाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने ।
१३. प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म .............................. (नाम) ......................................... ठेगाना ............................ना.प्र.प.नं. ......................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ....................................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । रौतहट जिल्ला गरुडा नगरपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :
दस्तखत :
मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :
दस्तखत :
नाम/पद :
मिति :
संस्थाको छाप :

अनुसूची-४

(निर्देशिकाको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**एम्बुलेन्समा हुनुपर्ने औषधी, उपकरणको र जनशक्तिको विवरण :**

- All Emergency Equipment
- Stethoscope
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets Other:
- Washing equipment
- Wheel chair and trolley
- Redio communication
- Tablet with 4G connectivity

Satffs:

- Ambulance driver with firs aid trainings
- EMT

आज्ञाले,
भुदेव झा
प्रमुख प्रशासकीय अधिकृत

रु. १०।

नगर कार्यपालिकाको कार्यालय